आज मिति २०७६ मंसिर ४ गते बुधबारको दिन बिहान ११:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ८१ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहायबमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापा मगर | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | सदस्य | |
| ५. | ३ नं. वडाका कार्यबाहक वडा अध्यक्ष श्री मनोज कुमार बस्नेत | सदस्य | |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्क्र खड्का | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | सदस्य | |
| १०. | ८ नं. वडाका अध्यक्ष श्री राज कुमार लामा | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमापहरी | सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | सदस्य | |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १६. | महिला सदस्य श्री कविता खत्री | सदस्य | |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | सदस्य | |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १९. | महिला सदस्य श्री मिना मगर | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री घनश्याम न्यौपाने | सचिव | |

**अन्य उपस्थिती**:-

१. श्री दिपक कुमार के.सी. (यो.अ. तथा प्र.अ.)

२. श्री गणेश गुरुङ (लेखा अधिकृत)

मिति २०७६।०८।३ गते न गर प्रमुखज्यूबाट मिति २०७६।०८।४ गते नगर कार्यपालिकाको ८१ औं कार्यपालिका वैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाबाट निर्णयका लागि पेश भएका विषयहरु माथि छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | कानूनमा भएको व्यहोरा | निर्णय हुनुपर्ने व्यहोरा |
|---|---|---|---|
| १. | फोहोर मैला व्यवस्थापन सम्बन्धमा । | | • यस नगरपालिकाको वडा नं १ देखि ९ सम्मको फोहोरमैला व्यवस्थापन गर्न निजि क्षेत्र (Public Private Partnership) को अवधारणाबाट निजि क्षेत्र मार्फत गराउन संस्था छनौटको मापदण्ड स्वीकृत गरी सार्वजनिक सूचना प्रकाशन गर्ने । |
| २. | फुटवेयर जोन जाने सडक पूर्वाधार निर्माण सम्बन्धमा । | | • यस दक्षिणकाली नगरपालिका वडा नं ७ मा स्थापना हुन लागेको फुटवेयर जोनका लागी उक्त उद्योगसम्म पुग्ने पहुँच मार्ग निर्माण गर्न गत आ .ब.मा उद्योग मन्त्रालयबाट प्राप्त निकासा रु . ३ करोड मध्ये उक्त आ .ब.मा खर्च भई बाँकी रहेको रकम रु . २,९६,५१,१६९।- र चालु आ .ब.मा उद्योग मन्त्रालयबाट विनियोजित रकम रु . ५० लाख गरी जम्मा रकम रु ३,४६, ५१,१६९।— बाट उद्योग मन्त्रालयसँग भएको समझदारीपत्रलाई आधार मानी तयार हुने गरी DPR अनुसारको बोलपत्र तयार गरी ईबिडिङ मार्फत ठेक्काई आह्वान गर्ने । |
| ३. | पत्रपत्रिका सूचनाको लागी मापदण्ड स्वीकृत गर्ने सम्बन्धमा । | | • यस नगरपालिकामा विभिन्न पत्रपत्रिका मार्फत विज्ञापनहरु माग गर्ने क्रम अत्याधिक हुने भएको हुँदा सिमित श्रोत साधनबाट आवश्यक व्यवस्थापन गर्न निम्न अनुसारको मापदण्ड स्वीकृत गरी बढीमा वर्षमा एक पटक सम्मका लागी तपसिल बमोजिमको कार्यालयले भुक्तानी दिने व्यवस्था मिलाउने साथै नगर प्रमुखद्धारा आवश्यक ठानीएमा बजेटको सिमामा रही थप गर्न सक्ने ।<br>क) साप्ताहिक प्रकाशनमा रु. १ हजार ।<br>ख) पाक्षिक प्रकाशनमा रु. १५ सय ।<br>ग) मासिक प्रकाशनमा रु. २ हजार ।<br>घ) अर्ध वार्षिक प्रकाशनमा रु. २५ सय ।<br>ङ) वार्षिक प्रकाशनमा रु. ३ हजार । |
| ४. | नगरपालिकाको प्रशासनिक भवन निर्माणका लागी जग्गा प्राप्ती सम्बन्धमा । | | • मिति २०७५/११/१२ को ६६ औं कार्यपालिका बैठकबाट यस दक्षिणकाली नगरपालिका वडा नं ५ स्थित त्रिभुवन आ.मा.वि.मा रहेको आसपासमा करीब १५ रोपनी खाली जग्गा |

<table>
<tr><td></td><td></td><td></td><td>नगरपालिकाको भवनको लागी प्रक्रिया अघि बढाउने भन्ने निर्णय भएता पनि हालसम्म जग्गा प्राप्ती हुन नसकेकोले उक्त स्थानमा हाललाई भवन बनाउन समस्या भएको र यस नगरपालिकाको आफ्नो प्रशासनिक भवन नहुँदा सेवाग्राहीलाई दिने सेवाप्रवाहमा असहजता र कर्मचारीहरुलाई कार्यकक्ष व्यवस्थापन गर्न समस्या भएको हुँदा तत्काल यस नगरपालिकाको लागी भवन निर्माण गर्न आवश्यक भएको हुँदा साविक शेषनारायण गा.वि.स. वडा नं ३/क हाल दक्षिणकाली नगरपालिका वडा नं ५ कि.नं. २१० (प्र) क्षेत्रफल ४-१३-०-० जग्गा नेपाल सरकारसँग यस नगरपालिकाको स्वामित्व कायम हुने गरी लालपूर्जा निर्माण गर्न वा लिजमा प्राप्त गर्न मालपोत कार्यालय, कलंकी र जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने ।</td></tr>
<tr><td>५.</td><td>स्थानिय विपद् व्यवस्थापन समितिको सिफारिस अनुमोदन गर्ने सम्बन्धमा ।</td><td></td><td>
<ul><li>मिति २०७६/३/२६ गते देखि परेको अविरल वर्षाका कारण भएको क्षतिलाई तत्काल राहत तथा पूननिर्माण गर्दा भएको तपसिल बमोजिमका खर्चहरु विपद् व्यवस्थापन कोषबाट भुक्तानी भएकालाई अनुमोदन गरी भुक्तानीको क्रममा रहेका बिलहरुको भुक्तानी गर्ने ।</li></ul>
<u>तपसिल</u>
<table>
<tr><th>क्र.सं.</th><th>कार्यको विवरण</th><th>खर्च रकम रु.</th></tr>
<tr><td>१.</td><td>ओम कार्यश्वर निर्माण सेवा, द.न.पा.-६ (दुर्लभ बलामी)</td><td>७,६४,९५३।-</td></tr>
<tr><td>२.</td><td>श्री जय गणपति कन्स्ट्रक्सन प्रा.लि., द.न.पा. — ५</td><td>४५,२००।-</td></tr>
<tr><td>३.</td><td>फर्पिङ कलर कलेक्सन एण्ड हार्डवेयर पाईप खरिद</td><td>४३,३२१।-</td></tr>
<tr><td>४.</td><td>वडा नं ८ का विभिन्न स्थानका खा .पा.को लागी पाईप खरीद</td><td>७०,८९०।-</td></tr>
<tr><td>५.</td><td>त्रिपाल खरीद वडा नं ४, ६ र ८ का विभिन्न स्थानको लागी ४० थान त्रिपाल खरिद (वडा कार्यालयबाट यकिन पत्र)</td><td>७८,०४८।-</td></tr>
<tr><td>६.</td><td>वडा नं ७ को यूटिकी खानेपानीको पोलिथिन पाईप खरिद</td><td>७४,०५२।-</td></tr>
<tr><td>७.</td><td>वडा नं ४ मा भएको खानेपानी पाईपलाईन क्षतिको पाईपलाईन जडान</td><td>६५,०००।-</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>११,४१,४४६।-</td></tr>
</table>
<ul><li>साथै व्यक्तिगत क्षतिको सम्बन्धमा प्राविधिकको प्रतिवेदन र सम्बन्धित वडाको सिफारिस र सर्जमिनको आधारमा नगरप्रमुखद्धारा राहत स्वरुप आर्थिक सहायता गर्ने ।</li></ul>
</td></tr>
</table>

<table>
<tr><td>६.</td><td>DPR सम्बन्धमा ।</td><td></td><td>
<ul><li>चालु आ.ब. ०७६/०७७ मा यस नगरपालिकामा DPR तयार पार्नका लागी नगरसभाबाट विनियोजित रकम रु. ५० लाख बाट निम्नानुसारको DPR तयार गर्ने ।</li></ul>
१. प्राचिन शिखरापुर नगरीको सम्पदा संरक्षण (वडा नं ५ र ६)<br>
२. दक्षिणकाली बाहिरी चक्रपथ (बाग्मती करिडोर, वडा नं १ देखि ९ सम्म)<br>
३. पिकनिक स्थल र बाँसबारी डाँडामा उद्यान (वडा नं ४)<br>
४. डाँडीखेल क्षेत्रलाई कृषि पर्यटकिय क्षेत्र (वडा नं ९)<br>
५. जेष्ठ नागरिक तथा बाल उद्यान पार्क, घट्टेचौर (वडा नं १)<br>
६. बाल उद्यान पार्क, ग्वाल्दह (वडा नं २)<br>
७. जाति पोखरी (वडा नं ८)<br>
८. नगर यातायात गुरु योजना<br>
९. राजश्व कार्ययोजना<br>
१०. तरकारी पकेट क्षेत्र (वडा नं ३)<br>
११. शेषनारायण मन्दिर एवं बाल उद्यान (वडा नं ५)<br>
१२. नगर पाश्वचित्र (profile)
</td></tr>
<tr><td>७.</td><td>शिक्षा, स्वास्थ्य, कृषि, पशु, महिला कार्यक्रम पास गर्ने सम्बन्धमा ।</td><td></td><td>
<ul><li>चालु आ.ब. ०७६/०७७ को लागी तपसिल बमोजिमका शिक्षा, स्वास्थ्य, कृषि, पशु, महिला तथा न्यायिक समितिका कार्यक्रम पास गर्ने ।</li></ul>
<u>तपसिल</u>
<u>शिक्षा तर्फको</u>
<table>
<tr><th>क्र.सं.</th><th>कार्यक्रम/योजना</th><th>रकम रु.</th></tr>
<tr><td>१.</td><td>मागमा आधारित विद्यालयहरुमा अनुदान</td><td>२५,००,०००।-</td></tr>
<tr><td>२.</td><td>खाजा कार्यक्रम संचालन भएका विद्यालयहरुमा ECD र कक्षा १ का लागी खाजा कार्यक्रम</td><td>९,२५,०००।-</td></tr>
<tr><td>३.</td><td>मौलिक तथा संस्कार सहितको आधारभूत तहको १ देखि ५ सम्मका कक्षाको लागी नगर स्थित सबै विद्यालयहरुमा स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन</td><td>३,७५,०००।-</td></tr>
<tr><td>४.</td><td>साक्षरता सम्बन्धि घरधुरी सर्वेक्षण, कार्यक्रम संचालन तथा साक्षर नगरपालिका घोषणा</td><td>१,५०,०००।-</td></tr>
</table>
</td></tr>
</table>

| | | |
|---|---|---|
| ५. | नगर स्तरीय आधारभूत तह कक्षा ८ परीक्षा संचालन तथा व्यवस्थापन तथा अनुगमन | ६,००,०००।- |
| ६. | नगर स्तरीय त्रैमासिक परीक्षा संचालन | ४,००,०००।- |
| ७. | शैक्षिक क्यालेण्डर २०७६ मा राखिएका कार्यक्रम संचालन | ५०,०००।- |
| जम्मा | | ५०,००,०००।- |

**स्वास्थ्य तर्फको**

| क.सं. | कार्यक्रम/योजना | रकम रु. |
|---|---|---|
| १. | जेष्ठ नागरिक घरदैलो कार्यक्रम<br>क) स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयं सेविका अनुगमन खर्च — १४७६००।—<br>ख) औजार, उपकरण सामाग्री खरिद — ८२४०००।-<br>ग) औषधि खरिद — ७७०००।— | १०,५०,०००।- |
| २. | महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई मासिक बैठक, यातायात खर्च, झोला, छाता तथा प्राथमिक उपचारका सामान वितरण | ७,००,०००।- |
| ३. | स्वास्थ्यकर्मीहरुलाई GHIS तालिम संचालन | ५०,०००।- |
| **जम्मा** | | |

**महिला लक्षित तर्फको**

| क.सं. | कार्यक्रम/योजना | रकम रु. |
|---|---|---|
| १. | एकल महिलाहरुको क्षमता विकास तथा सिपमुलक कार्यक्रम | २,००,०००।- |
| २. | आदिवासी/जनजाति महिलाहरुको क्षमता विकास तथा सिपमुलक कार्यक्रम | २,००,०००।- |
| ३. | किशोरीहरुको लागी Pad Disposal Machine खरिद | २,००,०००।- |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४.</td><td>महिला समुहबाट संचालित उद्योग व्यवसाय दिगोपना कार्यक्रम</td><td>६,००,०००।-</td></tr>
<tr><td>५.</td><td>तीज कार्यक्रम</td><td>३,००,०००।-</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१५,००,०००।-</td></tr>
</table>
<br>
<u>न्यायिक समितिको तर्फ</u>
<table>
<tr><th>क्र.सं.</th><th>कार्यक्रम/योजना</th><th>रकम रु.</th></tr>
<tr><td>१.</td><td>न्यायिक समितिका पदाधिकारीहरुको बैठक भत्ता</td><td>१,२०,०००।-</td></tr>
<tr><td>२.</td><td>मेलमिलापकर्ताहरुको क्षमता विकास कार्यक्रम</td><td>१,००,०००।-</td></tr>
<tr><td>३.</td><td>मेलमिलापकर्ताहरुको मासिक बैठक संचालन खर्च</td><td>१,००,०००।-</td></tr>
<tr><td>४.</td><td>न्यायिक समिति कार्यविधि ऐन २०७५ सम्बन्धी वडा अध्यक्ष, वडा सचिव तथा कर्मचारीहरुलाई अभिमुखिकरण कार्यक्रम</td><td>१,००,०००।-</td></tr>
<tr><td>५.</td><td>वडा स्तरीय रुपमा न्यायमा गरिकहरुको पहुँच विस्तार सम्बन्धि अभिमुखिकरण कार्यक्रम</td><td>४,५०,०००।-</td></tr>
<tr><td>६.</td><td>हिंसा तथा जोखिममा परेकाहरुलाई आवश्यक सहयोग कार्यक्रम</td><td>१,३०,०००।-</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१०,००,०००।-</td></tr>
</table>
</td></tr>
<tr><td>८.</td><td>वृक्षारोपणको भुक्तानी सम्बन्धमा ।</td><td></td><td>• चालु आ.ब.को लागी वृक्षारोपण कार्यक्रमका लागी रु. ५ लाख विनियोजन भएकोमा उक्त वृक्षारोपण तथा विरुवा छोप्ने फलामको जाली लगाउँदा रु. ६,६०,०००।— खर्च भएको र विरुवाको लागी रु. १,८०,०००।— गरी जम्मा रु ८,४०,०००।— भई भुक्तानी माग भएको हुँदा नपुग रकम रु . ३,४०,०००।— नगरस्तरीय भैपरि चालु खर्च शीर्षकबाट भुक्तानी गर्ने ।</td></tr>
<tr><td>९.</td><td>संविधान दिवस सम्बन्धमा ।</td><td></td><td>• राष्ट्रहित,लोकतन्त्र र अग्रगामी परिवर्तनको लागी नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन त्याग र बलिदानको गौरवपूर्ण ईतिहासबाट प्राप्त नेपालको संघीय</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | | गणतान्त्रिक नेपालको संविधान २०७२ को राष्ट्रिय उत्सव मनाउनका लागी मिति २०७६ आश्विन २,३ र ४ गरी ३ दिने राष्ट्रिय कार्यक्रममा नगर देखि वडासम्म भएको खर्च रु. ४ लाख नगर स्तरीय भैपरी चालु शीर्षकबाट भुक्तानी दिने । |
| १०. | जेष्ठ नागरिक लुगा वितरण कार्यक्रम सम्बन्धमा । | | • मिति २०७६ आश्विन १४ गतेका दिन गरीएको जेष्ठ नागरिक लुगा वितरण कार्यक्रमका लागी जम्मा रु. २५ लाख विनियोजन भएकोमा नपुग रकम रु . १ लाख नगर स्तरीय भैपरी चालु शीर्षकबाट भुक्तानी दिने । |
| ११. | सार्वजनिक स्थानीय विदा अनुमोदन गर्ने सम्बन्धमा । | | • मिति २०७६ कार्तिक २२ गतेका दिन परेको हरिबोधनी एकादशी परेको र सो दिन यसै नगरपालिका वडा नं ५ स्थित शेषनारायण मन्दिरमा मेला लाग्ने भएको हुँदा सो १ दिन स्थानीय सार्वजनिक विदा गरिएकोमा सो विदा अनुमोदन गर्ने निर्णय गरियो । |
| १२. | कृषि प्राविधिक करारमा लिन सुचना प्रकाशन गर्ने सम्बन्धमा । | | • कृषि शाखाका कार्यरत कर्मचारीले राजिनामा गरी स्थान रिक्त भएको हुँदा हाललाई असार मसान्तसम्मका लागी सहायक स्तर चौथो जे .टि.ए. स्तरको कृषि प्राविधिक करारमा लिन सुचना प्रकाशन गर्ने । |
| १३. | प्रमुख प्रशासकीय अधिकृत ज्यूको आमाको समवेदना प्रकट गर्ने सम्बन्धमा । | | • यस कार्यालयका प्रमुख प्रशासकीय अधिकृत घनश्याम न्यौपानेज्यूको ममतामयी माता श्री केशरी न्यौपानेज्यूको मिति २०७६ साल आश्विन महिना २२ गतेका दिन स्वर्गवास हुनु भएकोमा उक्त दुखद् घडीमा घरपरिवार र आफन्तहरुमा हार्दिक समवेदना व्यक्त गर्दै मृ त आत्माको चिर शान्तिको कामना गर्ने । |